# बिश्वास को जीवन

**March 9th, 2023**

**Pastor S. James**

*प्रार्थना*

*प्रभु तपाइ को कृपा , तपाइको अनुग्रह र तपाइको उद्धार को लागी धन्यबाद । हर दिन को लागी धन्यबाद प्रभु । हजुर को बचन जीवन हो प्रभु । यो हजुरको बचन बाट मानिसहरुलाइ बिश्वास मा अझै बढाउनुस् प्रभु किनभने हजुरलाइ बिश्वास बिना रिझाउन असम्भव छ प्रभु । बिश्वास सुनाइ देखि र सुनाइ ख्रिष्ट को बचन देखि आउछ । त्यसैले हामीलाइ तपाइको बचन को प्रकास दिनुस् प्रभु । र हामी सुन्न र बुझ्न सकौ । र हजुर को इच्छाको अनुसार हिड्न सकौं । यो सबै बिन्ति प्रार्थना येशु मशिह को नाममा आमेन ।*

मर्कुस ९:२३ [23] येशूले ठिटोको बाबूलाई भन्नुभयो, "तिमीले भन्यौ, 'यदि तपाईले सक्नुहुन्छ भने?' यदि कसैले विश्वास गर्यो भने हरेककुरा सम्भव हुन्छ।"

प्रभुले गर्न सक्नुहुन्छ भनेर बिश्वास राख्यो भने सबै कुरा सम्भब छ । मतलब जो ब्यक्तिको जीवनमा परमेश्वरले गर्न सक्नुहुन्छ भन्ने बिश्वास छ भने त्यो ब्यक्तिले परमेश्वरको इच्छा अनुसार को सबै काम गर्न सक्छ । येशु को जीवनलाइ हेर्ने हो भने उहाँ को आफ्नै पिताको इच्छा अनुसार को हरेक काम उहाँमा सम्भब थियो । बिश्वासीहरु को लागी संसारमा बस्दा जीवनमा अगाडि अगाडि बढ्दा खेरी धेरै समस्याहरु आइरहन्छन् । यस्तो अबस्थामा जो परमेश्वरमा बिश्वास गर्दैनन् तिनीहरुले बिश्वास को जीवनमा हार्छन होइन भने संसार संग सम्झौता गरेर संसार पट्टि जान्छन् ।

लुका १४:२८ [28] यदि तिमी एउटा भवन बनाउन चाहन्छौ भने, तिमीले पहिले बसेर त्यो बनाउनलाई कति खर्च लाग्ने हो त्यसको छलफल गर्नु पर्छ। भवनको काम पूरा सिध्याउनलाई त्यत्ति तिमीमा भएको पैसाले पुग्छ पुग्दैन त्यो हेर्नु पर्छ।
[31] "यदि कुनै राज अर्को राजासंग युद्ध गर्न जाँदैछ भने, पहिले ऊ बस्नु पर्छ, योजना बनाउनु पर्छ। यदी त्यसको दश हजार मनिसहरू छन् अनि उसको विपक्षी बीसहजार मानिसहरू लिएर आउँदैछ भने, त्यसले निर्णय गर्नु पर्छ कि ऊ विजयी हुन सक्छ कि सक्तैन।

यहाँ परमेश्वरले दुइ वटा कुरा बाट उदाहरण दिनुभयो एउटा भवन बनाउने को बारेमा र अर्को युद्धको बारेमा उदारहण दिनुभयो । हामीले घर बनाउनु भन्दा पहिला त्यसको लागी कति रकम लाग्छ भनेर हामी पहिलानै त्यसको हिसाब निकाल्छौ । त्यस पछि मात्र घर बनाउनलाइ शुरु गर्छौं । येशुले पैसाको उदाहरणहरु धेरै दिनुभयो ताकी मान्छेले बुझोस् भनेर किनकी मान्छेले पैसाको बारेमा भन्यो भने छिटो बुज्छन् । येशुले पैसाको बारेमा दिनुभएको उदारहण मध्य एउटा उदारहण यो हो कि एउटा मान्छेको तिन वटा सेवक थिए र उनले तिन जनालाइ नै बोलाएर एउटालाइ ५ तोडा दिए र अर्कोलाइ २ तोडा र तेस्रोलाइ १ तोडा दिएर गए फेरी जब त्यो मान्छे फर्केर आयो र सोध्यो ५ पाउनेले १० बनाएर दियो । र २ पाउनेले ४ बनाएर दियो । र १ पाउनेले त्यो १ तोडालाइ लुकाएर राख्यो ताकी मालिक आउदा उहाँलाइ उहाँ को पैसा फिर्ता गर्नु पर्छ भन्ने हेतुले । त्यसकारणले उसले १ तोडानै ल्याएर मालिकलाइ दियो । येशुले यहाँ यो उदारहण बाट यो कुरा सिकाउदै हुनुहुन्छ कि हामीले पैसामा लाबरबाहि गर्नु हुदैन । हाम्रो जीवनमा आर्थिक कारोबार हामीले राम्ररी गर्नु पर्छ । नत्र भने हाम्रो जीवनमा आर्थिक स्थीति कहिल्यै सुधार हुदैन र हामी सधै नै थोरै र हाम्रो दैनिक सानो सानो आबस्यकताको कुरामा पनि चिन्तित हुनुपर्छ । त्यसैले घर बनाउदा आफु संग कति पैसा छ त्यसको आधारमा हिसाप निकालेर आफु संग भए जतिको मात्र घर बनाउनु पर्छ । बिना हिसाब हामी केहि पनि कुरा गर्छौं भने हाम्रो जीवनमा कुनै पनि काम पुरा हुन सक्दैन । बिश्वास को कुरामा पनि त्यहि हो थोरै बिश्वासले बिश्वास को जीवनमा अन्त सम्म चल्न सक्दैन । बतास आउदा आधि आउदा खाना नहुदा कुनै पनि समस्या आउदा येशुले त्यो समस्यालाइ सजिलै समाधान गर्नु भयो कारण उहाँ यत्ति धेरै बश्वासमा बढेर बढेर जानुभयो कि उहाँलाइ कत्ति धेरै समस्या आउदा पनि उहाँको लागी त्यो केहि भएन । हामीले सोच्नु पर्छ हाम्रो २०२३ को बिश्वासले २०३० मा पुग्न सक्छ कि सक्दैन ? त्यसैले येशुले यो २ वटा उदारहण पैसा र युद्ध बाट दिएर सिकाउदै हुनुहुन्छ । के तिमी संग भएको यति बिश्वासले बिश्वासको घर बनाउन सक्छौ ? के तिमीले हिसाब राखेका छौ ? अर्थात सोचेका छौ यति तिमीमा भएको बिश्वासले तिमी काहाँ सम्म जान सक्छौ ? त्यसै गरी युद्ध को कुरा येशुले भन्नुभयो । युद्धमा २ वटा कुरा चाहियो एउटा शक्ति अर्को सहनशीलता किनकी हाम्रो आत्मिक लडाइ जीवन भरी चल्छ । हाम्रो जीवनमा २ वटा कुरा सुनिस्चीत छ । एउटा हाम्रो शरीरको मृत्यु हुन्छ । यदि हाम्रो मृत्यु हुनु भन्दा अगाडि येशु को दास्रो आगमण । त्यसपछि न्याय शुरु हुन्छ । त्यो न्यायमा हाम्रो बिश्वास को न्याय हुन्छ । हाम्रो घर बनेर सिद्धियो कि सिद्धिएन ?

१कोरिन्थी ३:१० [10] परमेश्वरले दिएका पुरस्कारकै आधारमा मैले एउटा सिपालू बढाइले झैं एउटा घरको जग बसालेको छु। अरूहरूले त्यसै जंगमाथि घर बनाउँदैनन्। तर प्रत्येक व्यक्तिले कसरी बनाउँछ, त्यस बारेमा उसले सोच्नु पर्छ।

हामी परमेश्वर को घराना भएको कारण हामी सबैले आफ्नो होइन परमेश्वर को घर बनाएका हौ । त्यो पुरा हुन्छ कि हुदैन ? घर पुरा नहुनु को कारण काम गर्ने मान्छेको कमिले होइन । पैसा नभएको कारणले घर पुरा हुदैन । पैसा छ भने काम गर्ने देखी लिएर सबै थोक पाउछ । हाम्रो जीवन भनेको परमेश्वरको घर हो । यसलाइ बनाउन को लागी बिश्वास चाहिन्छ । संसारको घर बनाउन पैसा जती महत्वपुर्ण छ । परमेश्वरको घर बनाउन पनि बिश्वास को त्यति नै महत्व छ । दोस्रो कुरा युद्ध हो । तिमोथी को पुस्तकमा लेखेको जस्तै उत्तम लडन्त हो ।

हिब्रु १२:१ हाम्रा वरिपरि विश्वासी मानिसहरू धेरै छन्। तिनीहरूका जीवनीले विश्वास के हो त्यो हामीलाई सिकाउँछ। यसर्थ, हामी तिनीहरू जस्तै हुनुपर्छ। हामीले पनि आफ्नो दौड नरोकिई दगुर्नु पर्छ। यदि दौडमा केही बाधा आउछ भने त्यसलाई फ्याँक्नु पर्छ। अनि हामीलाई सजिलै फँसाउने पापलाई पनि हटाउनु पर्छ।

हामी यो युद्ध को लागी हामी संग धैर्य छ कि छैन? । यो युद्ध को लागी हामी संग धैर्यता हुन अतिनै जरुरी छ । बिश्वास पनि धेरै किसिम का हुन्छन् पहिलो बिश्वास नै छैन । दोस्रो बिश्वास भनेको याकुब ले भन्छ मरेको बिश्वास । उसको बोलेको कुरा सुन्दा खेरी उ बिश्वासी जस्तो लाग्छ तर बिश्वास को काम त उसको जीवनमा छैन । त्यो हो मरेको बिश्वास । बिश्वास को तिन भाग छन् । एउटा दिन रात हृदयमा आउने सोचबिचार बिश्वास को अनुसार नै हुन्छ ।र दोस्रो मुख बाट निस्कने बोली बिश्वास को अनुसार नै हुन्छ । तेस्रोमा हामीले गर्ने हरेक काममा बिश्वास को अनुसार नै हुन्छ । यि तिन कुरा नै हामीमा हुनुपर्छ । हृदय त परमेश्वर मात्र देख्न सक्नुहुन्छ हामी त देख्न सक्दैनौ । त्यहिकारणले शामुयल संग यिसैको घरमा परमेश्वरले भन्नुभयो तिमीले बाहिर बाट हेर्दा खेरी ति सबै जना बिश्वासी हुन् भनेर सोच्दै छौ होला ,तर यि ७ जना को हृदयमा बिश्वास छैन एउटा कान्छो आउदैछ उ संग मात्र हृदयमा बिश्वास छ भनेर भन्नुभयो । हृदय त हामी देख्न सक्दैनौ तर कति मान्छेमा मुख को बोली सुन्दा अतिनै बिश्वासी जस्तो लाग्छ तर बिश्वास को काम देखिदैन त्यसैले याकुबले तिन पल्ट याकुब २ अध्यायमा मरेको बिश्वास भनेर भन्छ । मरेको बिश्वासले हामीलाइ नरकमा पुर्‌याउछ त्यसकारणले हाम्रो बिश्वास मरेको बिश्वास हुनुहुदैन । तेस्रो बिश्वास भनेको झुटो बिश्वास हो । हाम्रो बिश्वास को उदेस्य भनेको परमेश्वरलाइ प्रसन्न गर्नु हो । तर यो झुटो बिश्वास को उदेस्य आफैलाइ प्रसन्न पार्नु हो । काम त परमेश्वर को नै हो तर उदेस्य आफ्नै प्रसंसा आफ्नै सबै । यस्ता ब्यक्तिहरुको अन्तमा धेरै न्याय हुन्छ भनेर लेखेको छ ।

१पत्रुस १:७ [7]यी दुख-कष्टहरु किन हुन्छन्? तिमीहरुको विश्वास शुद्ध छ भनी प्रमाण गर्नु। विश्वासको शुद्धतामा सुन भन्दा अधिक मूल्य छ। सुनको शुद्धता अग्निद्वारा प्रमाणित गर्न सकिन्छ, तर सुन नष्ट हुन्छ। जब येशू ख्रीष्ट आउँछन् विश्वासको शुद्धताले तिमीहरुमा प्रशंसा, महिमा अनि सम्मान ल्याउनेछ।

येशु खिष्ट प्रकट हुदा तिन वटा कुराहरु लेखेको छ परमेश्वर को प्रसंसा , महिमा र आद्र हुन्छ । तर जो मान्छे झुटको बिश्वास गर्छ त्यसले आफ्नै प्रसंसा , महिमा र आफ्नै आदर खोज्छ परमेश्वर को नाममा । यो सबै दियाबलसको युक्तिहरु हुन् । अर्को एउटा बिश्वास छ त्यो हो अल्प बिश्वासी १ रुपैया ले के किन्न सक्छ ? त्यसैगरी थोरै बिश्वासले के गर्न सक्छ । संसारमा २ वटा तरीका को शिक्षा छ एउटा सैद्धान्तिक र अर्को ब्यावहारिक यो दुबै तरीका को शिक्षा येशुले चेलाहरुलाइ मात्र दिनुहुन्थ्यो । बाकिहरुलाइ साधारण शिक्षा दिनुहुन्थ्यो र पनि उनीहरुले बुझ्दैन थिए । त्यसैले मण्डलीमा जति सुकै शिक्षा दिए पनि उनीहरुले बुझ्दैनन् कारण मण्डलीमा बसेका सबै जना चेला भएका हुदैनन् । त्यसैले उनीहरुले जति सुकै शिक्षा पाए पनि बुजेका हुदैनन् । त्यसैले येशुले आफ्ना चेलाहरुलाइ हर परिस्थितीमा बिश्वासमा कसरी लडाइ गर्ने सिकाउनुहुन्थ्यो । ए अल्प बिश्वासी तिमीहरु को बिश्वास काहाँ गयो ? बिश्वास को बारेमा धेरै कुराहरु सिकाउनु भयो । त्यसै गरी बिश्वासमा पनि कमजोर बिश्वास र बलियो बिश्वास छन् ।

रामी ४:१९-२० **19** अब्राहाम प्रायः एकसय वर्ष उमेर पुगिसकेका थिए, यसैले उनको शरीरबाट सन्तानहरू हुन उमेर बितिसकेको थियो। सारहबाट पनि कुनै छोरा-छोरी भएन। अब्राहामले यसको विषयमा सोचेका थिए। तर परमेश्वरप्रति उनको विश्वास कमजोर भएन।
**20** परमेश्वरले प्रतिज्ञा गर्नु भएको कुरा गर्नुहुनेछ भन्ने कुरामा अब्राहामले किहिल्यै शंका गरेनन्। अब्राहमले आफ्नो विश्वास गुमाएनन्। बरू, उनको विश्वास अझ दृढ भयो अनि उनले परमेश्वरको प्रशंसा गरे।

१९ पदमा कमजोर बिश्वास को बारेमा लेखेको छ । रोमी को १४ मा पनि कमजोर बिश्वास को बारेमा लेखेको छ । र साथै २० मा गएर बलियो बिश्वास को बारेमा लेखेको छ । अब्राहामको बिश्वास बलियो हुन को लागी ७५ शाल लाग्यो । परमेश्वरले उसलाइ पहिलानै छोरा दिन सक्नुहुन्थ्यो तर उसको बिश्वास कमजोर भएको कारण उसलाइ ७५ शाल लाग्यो जब उ ७५ शाल को भयो परमेश्वरले अब्राहामलाइ एउटा प्रतिज्ञा दिनुभयो तिम्रो विउ देखी तिम्रो छोरा देखी म जाती खडा गर्नेछु त्यो पुरा हुनको लागी पनि अरु २५ शाल लाग्यो । यो २५ शालमा अब्राहाम को बिश्वास बलियो भयो । फेरी अर्को बिश्वास छ त्यो हो माहान बिश्वास माहान बिश्वास को बारेमा २ ठाउमा मात्र लेखेको छ । वास्तबमा माहान बिश्वास त हुदैन तर यिनीहरु को बिश्वासलाइ परमेश्वरले माहान बिश्वास भन्नुभयो । तिनीहरु त यहुदी पनि थिएनन अन्यजातीहरु थिए । सभा घरमा कहिले पनि गएर बचन सुनेका थिएनन् र पनि येशु को बारेमा सुनेर तुरुन्तै बिश्वास गरेको देखेर परमेश्वरले तिनीहरु को बिश्वासलाई माहान बिश्वास भनेर भन्नुभयो । २ थिस्लोनिकी मा बढ्दै जाने बिश्वास को बारेमा लेखेको छ । र अर्को एउटा बिश्वास छ त्यो बिश्वास जीवन को अन्त सम्म जस्तो सुकै परिस्थितिमा पनि छोडेर जाने पछि हट्ने काम गर्दैन । धैर्यता साथ अगाडि बढिनै रहन्छ । जो अन्त सम्म रहेर जीत्छ प्रकास को पुस्तकमा लेखेको उपहार त्यसैले पाउछ । यो जीवनमा जितेर उपहार पाउन को लागी हामीलाइ धैर्यताको बिश्वास चाहिन्छ । यो धैर्यताको बिश्वास पाउन को लागी हामीमा प्रेम सहित को बिश्वास हुन जरुरी छ । बिश्वासमा धैर्य साथ अन्त सम्म हिड्न को लागी हामीलाइ बिश्वासमा आउने बाधाहरुको सुची दिएको छ ।

मत्ति १०:१६-२२ [16]"सुन! म तिमीहरूलाई ब्वाँसोका बीचमा भेडाझै गरी पठाउँछु। यसकारण सर्पझैं चनाखो बन। अनि ढुकुर झैं सोझो बन।
[17]सबै मानिसहरूदेखि सर्तक बन। तिनीहरूले तिमीहरूलाई पक्रिने छन् अनि अदालतमा पुर्याइनेछन्। तिनीहरूले आफ्नो सभाघरहरूमा लगेर तिमीहरूलाई कोर्रा लाउनेछन्।
[18]तिनीहरूले तिमीहरूलाई राज्यपाल अनि राजाहरूको अघि लानेछन्। मेरो कारणले गर्दा तिनीहरूले यसो गर्नेछन्। तिमीहरू ती हाकिम अनि राजाहरू र गैर-यहूदीहरूको समक्ष मेरो बारेमा भन्नेछौ।
[19]जब तिमीहरू पक्राउ पर्ने छौ के बोल्नु पर्ने र कसरी बोल्नु पर्ने भन्ने बारेमा चिन्तित नबन। त्यसबेलामा तिमीहरूले भन्नु पर्ने कुराहरू तिमीहरूलाई बताइनेछ।
[20]वास्तवमा तिमीहरू बोल्नेछैनौ परमपिताको आत्मा आफै तिमीहरूबाट बोल्नुहुनेछ।
[21]"दाज्यू-भाइहरू आफ्नै दाज्यू-भाइहरूको विरुद्व हुनेछन् तिनीहरू एकले अर्कालाई मार्न लाउनेछन्। बाबुहरूले आफ्नै छोराहरूलाई मार्न लाउनेछन्। छोराछोरीहरू

आमाबाबुहरूको विरूद्ध उठ्नेछन्, र तिनीहरूलाई मार्ने षड्यन्त्र गर्नेछन्।
22 सबै मानिसहरूले तिमीहरूलाई घृणा गर्नेछन् किनभने तिमीहरूले मलाई पछ्याउछौ। तर जसले आखिरसम्म सहन्छ उसको उद्धार हुनेछ।

ब्वासोहरु को बिचमा हामीलाई भेडाको जस्तै पठाएको छ । ब्वासोहरु को बिचमा हामी पनि भेडा नभएर ब्वासो भयो भने हाम्रो बिश्वास जान्छ । सर्प को जस्तै बुद्धि किनभने सैतान बुद्धिमा निपुर्ण साथ बनाइएको हो । र ढुकुर जस्तै र्निदोष हुनु पर्छ यो सबै गर्न को लागी एकदम कठिन छ बिश्वास को बिना यो सब कुरा गर्न गाह्रो छ । यदि हामी राम्रो सित परमेश्वर को बचन पढ्छौ भने हामीले बुझ्छौ कि बिश्वास को जीवनमा हिड्न को लागी परमेश्वर को अनुग्रह बिना असम्भव छ । बिश्वास भनेको जीवन हो । परमेश्वर भन्नुहुन्छ मेरो जन बिश्वासमा हिड्छ । फेरी येशु भन्नुहुन्छ मेरो नाम को खातिर बिश्वास को जीवनमा तिमीहरुले मान्छेहरु बाट सतावट सहनुपर्ने छ । मान्छे को जीवनमा सबै भन्दा खराब चिज यो हो की जेलमा जानु र जेलमा नै मर्नु यसको लागी हामी तयार हुनुपर्छ । जब त्यस्तो अबस्था आउछ तिमीहरु नडराओ त्यतिखेर के बोल्नु पर्ने हो म तिमीहरुलाइ त्यति खेर सिकाउने छु । स्टीफनस , पावल , पत्रुस यहुन्ना आदि हरुले जब उनीहरु को जीवनमा यस्तो अबस्था आयो तब उनीहरु द्वारा परमेश्वर बोल्नु भयो । बिश्वास को कारण एउटा भाइ ले भाइलाइ पक्राइ दिएन भने पनि भाइ भाइ बिचमा लडाइ हुन्छ । हामी बिश्वासीले जमिन को लागी झगडा गर्दैनौ । अल्पबिश्वासी ले झगडा गर्छन् यहाँ संसारमा त कोर्टमा गएर झगडा गरेर जमीन पाउछ होला तर माथि गएर पाउने सबै उपहारहरु गुमाउछौ । असल बिश्वासीले अहिले यो संसारको कुराहरुलाइ हेर्दैन असल बिश्वासीले अनन्त कालको लागी हेर्दछ । असल बिश्वासी जहिले पनि केहि पनि कुरा गर्दा खेरी यदि मैले यो गरी भने जब म यैशुको न्यायमा खडा हुदा के हुन्छ त्यो कुरालाइ ध्यानमा राखेर काम गर्छ । त्यसकारणले हिब्रु ११ को १ ले भन्छ बिश्वास नदेखेको कुराको आशा हो । आमा बाबा ले पनि सबैले येशुको नाम को खातिर तिमीहरुलाइ घृणा गर्नेछन् । जो अन्त सम्म स्थीर रहन्छ त्यसको उद्धार हुनेछ । त्यसकारणले हामी हर यस संसारको जीवनलाइ बिश्वासमा हिडेर जीत्नुपर्छ । यदि हामीले जीतेनौ भने हाम्रो उद्धार त गुमाउदैनौ तर मुकुट गुमाउछौ ।

मत्ति २४:३-१३ 3 त्यसको केही बेरपछि येशू जैतून डाँडामा बसिरहनु भएको थियो। चेलाहरू येशूको साथमा एकान्तमा आए। तिनीहरूले भने, “यो घटना कहिले
हुनेछ कृपया हामीलाई पनि भन्नुहोस्। तपाईंको आगमनको र संसारको अन्तको संकेत के हुनेछ?”
4 येशूले भन्नुभयो, “होशियार बस। तिमीहरूलाई कसैले मुर्ख बनाउन नपाओस्।
5 धेरै मानिसहरू आउनेछन् र मेरो नाम लिनेछन्। तिनीहरूले ‘म नै ख्रीष्ट हुँ।’ भनी धेरैलाई मूर्खबनाउनेछन्।
6 तिमीहरूले लँडाईका बारेमा सुन्नेछौ। अनितिमीहरूले अब हुने लँडाईका बारेमा पनि समाचार सुन्नेछौ। तर डराउनु पर्दैन। यी सब घटनाहरू हुनैपर्छ। तर अन्त्य
अझ आइहाल्ने छैन।
7 किनभने एक जातिले अर्को जातिको विरोध गर्नेछ अनि राज्य राजयको विरोधमा युद्ध हुनेछ। अनि धेरै ठाउँमा अनिकाल लाग्नेछ अनि भूँईचालो जानेछ।
8 यी सबै थोक सुत्केरी व्याथा लागे झैं आइलाग्ने छन्।
9 त्यसपछि तिमीहरूलाई मानिसहरूले नराम्रो व्यवहार गर्नेछन्। मानिसहरूले तिमीहरूलाई शासकहरूको हातमा सुम्पने र सताउनेछन् र मार्नेछन्। तिमीहरूले
ममाथि विश्वास गरेकै कारण मानिसहरूद्वारा तिमीहरू घृणित हुनेछौ।
10 त्यसबेला धेरै विश्वासीहरूले आफ्नो विश्वास हराउनेछन्। तिनीहरूले एका-अर्कालाई विरोध गर्नेछन् र एक-अर्कालाई घृणा गर्नेछन्।
11 अनेकौं झूटा अगमवक्ताहरू घृणा गर्नेछन्। तिनीहरूले मानिसहरूलाई झुटो कुराहरूमा विश्वास गराउने कोशिश गर्नेछन्।
12 संसारैभरि थुप्रै दुष्टहरूदेखा पर्नेछन्। अनि एकदमै विश्वासीहरूले प्रेम देखाउने छैनन्।
13 तर अन्त्यसम्मै जो दृढ रहन्छ उही नै सुरक्षित हुनेछ।

जब हाम्रो बिश्वास नक्कली हो भने हामीलाइ भ्रममा पार्छ । भ्रममा पार्नु भनेको काम त सेवाकाइ त येशुको नै गर्दैछ तर आफ्नो महिमा को लागी आफ्नै पोस्टर लगाउछ । आफ्नै महिमा गर्छ । येशुको होइन । येशु पिता समान भएर पनि यस संसारमा आए पछि पिताको महिमा , पिताको प्रसंसा हुने काम मात्र गनु भयो आफ्नो महिमा को लागी एउटा पनि काम गर्नु भएन । सैतानले भ्रममा पार्ने बाहिर होइन मण्डली भित्र हो त्यसैले ख्रिष्ट बिरोधी आउदा खेरी धेरै जना बिश्वास देखी गिर्छन् भनेर लेखेको छ । बिश्वास नै नभएकाहरु त गिर्दैनन् । जो संग बिश्वास छ त्यो मात्र गिर्छन् । आउनेहरु ख्रिष्टको नाममा नै आउछन् ,ख्रिष्टको बचन नै दिन्छन् । तर सबै कुरा को पछाडी महिमा त आफ्नै हुन्छ परमेश्वर को हुदैन । हामीले भारत को इसाइ को इतिहास हेर्ने हो भने जब सम्म उन्नति को सुसमाचार नआए सम्म मण्डली नै छैन भए पनि बढेको नै छैन । जब उन्नत्ति को सुसमाचार भारतमा घुस्यो मण्डली बढेर बढेर धेरै नै अगाडी गयो कारण सबैलाइ संसारको उन्नत्ति मन पर्छ त्यसले गर्दा धेरै धेरै पाष्टर बने । बचन त येशु को नै हो तर अब हामी परमेश्वर को सेवक होइन परमेश्वर हाम्रो सेबक हुनुभयो यसरी सैतानले आज को दिनमा मण्डलीहरुलाइ र बिश्वासीहरुलाइ भ्रममा पारेको छ । सैतानले भ्रममा पारेको उन्नत्ति र असल परमेश्वर बाट पाउने उन्नत्ति अलग्गै हो । युद्ध हुनेछ ,माहामारी , भुइचालो जानेछ भोकमरी आउनेछ । बिश्वासीहरुलाइ शाशकहरु को हातमा सुम्पिदिनेछन् । र मार्नेछन् । त्यसपछि पद १० अनुसार धेरै जना बिश्वासीहरु भट्केर जानेछन् अर्थात बिश्वासलाइ त्याग्नेछन् । दुष्टताले भरेको कारण धेरै बिश्वासीहरुको प्रेम सेलाएर जानेछ । यी माथिका कुराहरु सबै पार गरेर अन्त सम्म आफ्नो बिश्वासमा अटल रहने अर्थात धैर्य साथ स्थीर रहने मात्र आत्मामा बाच्नेछ । यस्तो धैर्यता को बिश्वास हुनु पर्छ । जो अल्प बिश्वासी छ । थोरै सानो बिश्वास जो संग छ त्यसले संङकष्ट को दिन आउदा छोडेर जान्छन् । अब्राहाम को जीवनमा बिश्वास आयो प्रतिज्ञा को देशमा प्रवेस गर्‍यो । त्यस पछि उसको बिश्वास को परीक्षा गर्न को लागी परमेश्वरले अनिकाल ल्याइदिनु भयो । पुरै देशमा अनिकाल एक ब्यक्ति अब्रहाम को परीक्षाको लागी अनिकाल आयो । त्यो परीक्षामा उ हार्‍यो र अब्राहामले यति सम्म गर्‍यो की उसले आफ्नो श्रीमतीलाइ अर्थात आफ्नो स्वाभिमानलाइ पनि बेच्यो । अब्राहाम अल्पबिश्वासी थियो । परमेश्वरलाइ उसले त्यागेन तर परमेश्वरले उसलाइ अगाडी बढाउन को लागी यो परीक्षाहरु दिनुभयो । त्यस पछि धेरै परीक्षाहरु जितेर जितेर उसको बिश्वास को यात्रामा उ अतिनै दह्रिलो भयो र अन्तमा गएर बिश्वास को पिता भयो । हिब्रु १२ को १ मा भनेको छ सन्तहरु को बादलले हामीलाइ घेरेको छ । उनीहरुले यि सबै परीक्षाहरु भोगेको उर्तीन भएको कारण उनीहरु को जीवन बाट हामीले पनि यो बिश्वास को यात्रा कसरी हिड्ने सिक्न सक्छौ । परमेश्वरले हाम्रो लागी अनमोल प्रतिज्ञाहरु राख्नुभएको छ । त्यो पाउन को लागी हामी संग बलियो र धैर्य भएको बिश्वास हुन जरुरी छ ।

मत्ति १३:२०-२१ [20]अनि चट्टानमय भूमिमा खसेको बीउहरू चाहिं के हुन्? ती बीउहरू त्यो मानिस जस्तै हुन् जसले उपदेश सुन्छ अनि आनन्दसित
तुरन्तै ग्रहण गर्दछ।
[21]तर त्यो मानिसले त्यो सन्देशलाई गहनरूपले उसको जीवनमा पस्न दिदैन। त्यो उपदेशलाई त्यसले थोरै बेरसम्म मात्र आफ्नो जीवनमा राख्छ। उपदेशको
कारणले जब उसले कष्ट र सतावटको सामना गर्नुपर्छ त्यसले तत्काल आफ्नो विश्वास गुमाउँछ।

समस्या त हर मान्छेमा हुन्छ । समस्या नभएको मान्छे नै हुदैन । तर हर समस्यामा खडा हुन को लागी र त्यसलाइ आसान संग समाधान गर्न को लागी हामीलाइ बिश्वास चाहिन्छ । त्यसमा पनि जति धेरै हामी संग बिश्वास छ त्यति नै धेरै बलियो संग हामी हाम्रो समस्या संग जुध्न सक्छौ । युसुफ को जस्तो दुखमा त साहेदै मान्छे पर्छन् युसुफ कमारा को रुपमा काम गर्दथे तलब पनि पाउदैनथे । र पनि उनले काम गर्ने ठाउमा जीते कारण उनी संग बिश्वास थियो । गल्ति नै नगरीकन जेलमा जीवन बिताउनु पर्‍यो । त्यसैले येशुले पैसा को उदारहण भन्नुभयो । घर बनाउनु भन्दा पहिला कति पैसा लाग्छ घर सिद्धाउन को लागी हिसाब गर्‍यो की गरेन मतलब पैसा छ की छैन त्यसैगरी बिश्वासको जीवन सिद्धाउन पनि बिश्वास कति छ ? यो बिश्वास को पनि लडाइ छ । यो एउटा युद्ध हो यसमा जित्न को लागी बिश्वास चाहिन्छ । बिश्वास को हिसाब गर्‍यो । यो युद्ध जित्न को लागी पुग्ने बिश्वास छ की छैन ? पावलले जस्तै हामीले पनि भन्नसक्नु पर्छ मैले उत्तम लडाइ लडे र मैले आफ्नो दौड पुरा गरे ।

याकुब १:२-३ [2]मेरो दाज्यू-भाइ अनि दिदी बहिनीहरू, जब तिमीहरूकहाँ नाना थरीका कष्टहरू हुन्छ तिमीहरू खुशी हुनुपर्छ।
[3]किन? किनभने तिमीहरू जान्दछौ, कि यस्ता कुराले तिमीहरूको विश्वासलाई जाँच गर्दछ। अनि यसले तिमीहरूमा धैर्य सिर्जना गर्नेछ।

बिश्वासीहरुले कष्टहरु आउदा पुरा आनन्द गर्नु पर्छ । अन्य जातीहरु कष्टहरु आउदा त दुख मान्छ तर बिश्वासीहरुलाइ आनन्द मान भनेको छ । कारण कष्टहरु बिश्वास को परीक्षा हुन् । जसले बिश्वासीहरुमा धैर्य उत्पन्न गराउछ । अबिश्वासीलाइ यो परीक्षा हुदैन । किनभने उनीहरुमा मृत्यु पछि को जीवन माथि केहि पनि आशा छैन । तर बिश्वासीहरुको जीवनमा मृत्यु पछि उनीहरु को लागी मुकुट राखेको छ । जसले गर्दा बिश्वासीहरु मा एउटा जीवित आशा छ । बिश्वास को जीवन भनेको म्याराथुन दौड जस्तै हो । शुरुमा दौडमा हिस्सा लिन त धेरै आउछन् फोटोहरु लिन्छन् अन्तिममा त ४, ५ जना मात्र बाकि हुन्छन् । सबै जना आउट हुन्छन् । जो धैर्य संग दौडन्छ त्यो मात्र अन्तिम संग टिकिरहन्छ । त्यसै गरी बिश्वास को दौडमा पनि धेरै जना हुन्छन् दौडन को लागी तर जो हर दुख र कष्ट संग मेरो बिश्वास को जाचँ हो भनेर मृत्यु पछि एक दिन न्याय हुन्छ जो पास हुन्छ त्यस दिन मुकुट पाउछ भनेर अन्तिम सम्म धैर्यता साथ दौडन्छ त्यसले मात्र यो बिश्वास को दौड पुरा गर्दछ । येशु ले चेलाहरुलाइ उहाँ को बिश्वासमा बोकेर हिड्नु भयो । उहाँ को बिश्वासले गर्दा चेलाहरु को जीवनमा कुनै पनि समस्या आएन । उनीहरुमा रोग आएन कष्टहरु आएन जुनै पनि परिस्थीतीमा येशु को बिश्वासमा उनीहरु जीए । अब म जादैछु म बौरी उठ्ने सम्म ३ दिन सम्म तिमीहरु संग कोहि हुदैन अन्धकार को समय हुनेछ । त्यसैले यो ३ दिन सम्म तरबार बोक्नु । येशुले आफ्नो १ जना को बिश्वासमा १२ जनालाइ बोकेर हिड्नु भयो ।

मर्कुस ९:१४ [14]त्यसपछि येशू, पत्रुश, याकूब अनि यूहन्ना अरू चेलाहरूसित सामिल भए। उनीहरूले धेरै मानिसहरू आफ्ना वरिपरि देखे। चेलाहरूसंग
शास्त्रीहरूको बहस चलिरहेको थियो।
[15]जब मानिसहरूले येशूलाई देखे, तिनीहरू अत्यन्त छक्क परे। उहाँको स्वागत गर्न तिनीहरू दौडिए।
[16]येशूले प्रश्न गर्नुभयो, "शास्त्रीहरूसंग तिमीहरू के को बारेमा बहस गरिरहेका थियौ?"
[17]भीडबाट एकजना मानिसले जवाफ दियो, "हे गुरूज्यू, मैले तपाईंकहाँ मेरो छोरो ल्याएको छु। मेरो छोरालाई बोल्न धेरै नै वाधा दिइरहेको छ।
[18]त्यो दुष्टात्माले मेरो छोरोलाई आक्रमण गर्छ अनि भूँइमा बजार्छ। मेरो छोरोले मुखबाट फींज निकाल्छ, दाहा किट्छ, अनि कडा हुन्छ। मैले तपाईंको चेलाहरूलाई
मेरो छोराबाट त्यस दुष्टात्मालाई हटाइ दिउन् भनी बिन्ती गरे, तर तिनीहरूले सकेनन्।
[19]येशूले उत्तर दिनुभयो, "तिमीहरूले विश्वास नै गर्दैनौ। तब कतिबेर म तिमीहरूसंग बस्नसक्छु? त्यो ठिटोलाई मकहाँ ल्याओ।"
[20]त्यसपछि चेलाहरूले त्यो ठिटोलाई येशू कहाँ ल्याए। जब दुष्ट आत्माले येशूलाई देख्यो, त्यसैबेला त्यसले ठीटोलाई आक्रमण गर्यो। ठिटो भूईंमा लडयो अनि
छट्पटाउन लाग्यो। त्यसले मुखबाट फींजहरू निकालिरहेको थियो।

येशुले आफ्ना चेलाहरुलाइ भन्नुभयो हे अबिश्वासी पुस्ता तिमीहरुमा बिश्वास नै छैन । बाबा को अबिश्वास को कारणले छोरालाइ भुत आत्माले समातेको र चेलाहरु को अबिश्वास को कारणले हो चेलाहरुले भुत आत्मा यस केटा बाट निकाल्न नसकेको । त्यसैले येशुले २ वटा कुरा भन्नुभयो म तिमीहरु संग कहिले सम्म रहुला ? र तिमीहरुलाइ कहिले सम्म सहु ? येशुले चेलाहरुलाइ तालीम दिनुभयो म जस्तै तिमीहरुले पनि सबै कुरा गर्न सक्छौ तर बिश्वासमा तर उनीहरुले गर्न सकेनन् कारण उनीहरुमा त्यो बिश्वास थिएन । एउटा नानीलाइ पहिला हामी हिड्न सिक्दा खेरी उसलाइ हात समातेर हिड्न सिकाउछौ खाना पनि हातले खुवाउछौ त्यस पछि हामी भन्छौ आफै हिड्न सिक र आफै खा । बिश्वास पैसा जस्तै हो । संसारमा धेरै पैसा बेकार हो किनभने मान्छेलाइ पैसा चलाउन आउदैन । परमेश्वर को राज्यमा बिश्वास बेकार भइराखेको छ । किनकी बिश्वासलाइ बिश्वास कसरी चलाउने थाहाँ छैन ।

याकुब १:५-६ [5]तर, तिमीहरू मध्ये कसैमा ज्ञानको कमी छ भने तिमीहरूले परमेश्वरसित माँग्नु पर्छ। परमेश्वरले सबै मानिसहरूलाई उदार चित्तले आनन्दसित
दिनु हुनेछ। यसर्थ, परमेश्वरले तिमीहरूलाई ज्ञान दिनु हुनेछ।
[6]तर, जब तिमीहरूले परमेश्वरसित केही कुरा माग्छौ, तिमीहरूले विश्वास गर्नु पर्छ। परमेश्वर प्रति सन्देह नगर। व्यक्ति, जसले सन्देह गर्छ, त्यो सागरको लहर
जस्तै हो। हावाले लहरलाई तल र माथि गराउँछ।

हाम्रो दैनिक जीवनमा हामीलाइ बुद्धि चाहिन्छ । बुद्धि भनेको ज्ञान होइन बुद्धि भन्नाले ब्यबहारीक जीवनमा गर्ने दैनीक कार्य हो । दिन दिनै हामीले गर्नु पर्ने काममा बिश्वास को साथ हामीले गर्नु पर्छ । स्कुलै नगएको अनपढ ब्यक्तिको जीवनमा पनि उसको जीवनमा दिन दिनै गर्नु पर्ने काम हुन्छ । त्यसको लागी परमेश्वरमा बिश्वास को साथ परमेश्वरलाइ सोधेर उहाँको सल्लाह अनुसार गर्‍यो भने

चाहे पढेको होस् या नपढेको होस् कुनै पनि ब्यक्तिले त्यो पुरा गर्न सक्छ। दिन दिनै चाहिने बुद्धि बिश्वास को साथ परमेश्वरमा माग्यो भने परमेश्वरले हामीलाइ बुद्धि दिनुहुन्छ। बिश्वास बिना हामीले असल काम गर्छौ भने त्यो धरम को काम हुन्छ। बिश्वास को काम हुदैन। सुलेमानले हितोपदेश पुरा लेख्यो यो बुद्धि उसले परमेश्वर संग मागेको कारणले उसले पायो। याकुब ले भन्छ यदि तिमीहरु बिमारी छौ भने मण्डलीका एल्डरहरुलाइ बोलाएर प्रार्थना गर्न लगाउनु ताकी उनीहरु को बिश्वास को प्रार्थनाले तिमीहरु ठिक हुन्छौ। यहाँ पनि बिश्वास को बारेमा भनेको छ खाली प्रार्थना गर्ने कुरा गरेको छैन। बाहिर बाट हेर्दा खेरी धरम को काम र बिश्वास को काम एउटै लाग्छ तर धरम को काम मा बिश्वास हुदैन। परमेश्वरमा त बिश्वास मात्र काम गर्छ।

१पत्रुस १:६ [6]यसले तिमीहरुलाई अत्यन्त सुखी तुल्याउनु पर्छ यद्यपि क्षणिक समयकोलागि सबै प्रकारको कष्ट भोग्दा तिमीहरुलाई दुखी बनाँउछ। [7]यी दुख-कष्टहरु किन हुन्छन्? तिमीहरुको विश्वास शुद्ध छ भनी प्रमाण गर्नु। विश्वासको शुद्धतामा सुन भन्दा अधिक मूल्य छ। सुनको शुद्धता अग्निद्वारा प्रमाणित गर्न सकिन्छ, तर सुन नष्ट हुन्छ। जब येशू ख्रीष्ट आउँछन् विश्वासको शुद्धताले तिमीहरुमा प्रशंसा, महिमा अनि सम्मान ल्याउनेछ।

बिश्वास को जाचँ कष्ट द्धारा हुन्छ। कारण बिश्वास सुन भन्दा पनि मुल्यवान हुन्छ। जब बिश्वासी को जीवनमा दुख र संकष्ट द्धारा परीक्षा लिइन्छ। तब त्यो बिश्वासी को बिश्वास अतिनै बलियो र शक्तिशाली हुन्छ। त्यो बलियो बिश्वास ले येशुको आदर, प्रसंसा र महिमा ल्याउछ।

हिब्रु १२:२ [2]हामीले सदा येशूको उदाहरणको पनि अनुसरण गर्नु पर्छ। हाम्रा विश्वासको निम्ति येशू अगुवा हुनुहुन्छ र उहाँले हाम्रा विश्वासलाई पूर्ण गर्नुहुन्छ। उहाँले क्रूसमा मृत्यु अँगाल्नु भयो। परमेश्वरको अघि आनन्दको लागि, उहाँले क्रूसको कष्टलाई झेल्नु भयो। अहिले उहाँ परमेश्वरको सिंहासनको दाहिनेपट्टि बस्नुभएको छ।

हाम्रो बिश्वास शुरु गर्ने र अन्त गर्ने र बिच मा काम गर्ने सबै येशु नै हुनुहुन्छ। उद्धार पाएको मान्छेले येशु माथि बिश्वास राख्नु पर्छ पिता परमेश्वर माथि होइन।

यहुन्ना ३:१६ [16]हो, परमेश्वरले संसारलाई यति साह्रो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनु भयो। परमेश्वरले आफ्ना पुत्रलाई दिनु भयो त्यस द्वारा उहाँमाथि विश्वास गर्ने कोहीपनि नाश हुने छैन, तर अनन्त जीवन प्राप्त गर्नेछ।

कोहि पनि येशु माथि बिश्वास गर्छ त्यसले अनन्त जीवन पाउछ। यस पदमा पिता माथि पबित्र आत्मा माथि बिशवास गर्‍यो भने उद्धार हुन्छ भनेको छैन त्यसकारणले उद्धार को लागी एउटै मात्र बाटो छ त्यो हो येशु ख्रिष्ट। जसले भन्नुभयो म हु बाटो, म हु सत्य, र म हु जीवन उहाँ द्धारा मात्र पिता काहाँ जान सक्छ। किनकी हाम्रो लागी क्रुशमा टागिएको र मृत्यु माथि जितेको येशु हुनुहुन्छ।

[17]परमेश्वरले आफ्ना पुत्रलाई संसारको न्याय गर्नलाई पठाउनु भएको होइन। तर परमेश्वरले आफ्ना पुत्रलाई उहाँबाट संसार बाँचोस् भनेर पठाउनु भएको हो।

उहाँ द्धारा अर्थात येशु द्धारा मात्र संसार बाच्छ। मेरो बिश्वास शुरु गर्ने र अन्त गर्ने येशु हुनुहुन्छ भने मेरो बिश्वास येशु संगै जोडिएको छ।

हिब्रु ७:२५ 25 यसैले जो पनि उहाँको मार्फत परमेश्वरकहाँ आउँछन् ख्रीष्टले तिनीहरूलाई बचाउनु हुन्छ। ख्रीष्टले यो सदाकाल गर्नसक्नु हुन्छ, किनभने जो परमेश्वरकहाँ आउँछ त्यसको सहायताको निम्ति उहाँ सधैं बाँच्नुहुन्छ।

येशुले मात्र हामीलाइ बचाउन सक्नुहुन्छ। उहाँले यो सदा को लागी उहाँले मात्र गर्न सक्नुहुन्छ। बिश्वास सबै नदेखेको कुरा माथि हो। बिश्वास को बिना परमेश्वरलाइ प्रसन्न गर्न सक्दैन र यदि कोहि पिता काहाँ जान चाहन्छ भने येशु द्धारा मात्र जान सक्छ। यि पदहरु बाट हामीले यो जान्न सक्छौ बिश्वास नदेखेको कुरा माथि आशा राख्नु हो। हाम्रो जीवनमा समस्या भएको कारणले मात्र येशु को महिमा ल्याउछ। येशु यस संसारमा तिस साल बिश्वासमा नै चल्नुभयो बिश्वासमा ने सैतानलाइ जित्नु भयो। त्यसकारणले गर्दा जब येशु ले युहन्ना द्धारा बप्तिष्मा लिदा खेरी परमेश्वर पिताले श्वर्ग बाट यस्तो भन्नुभयो की म तिमी संग प्रसन्न छु। ३० शाल सम्म साधारण जीवन बिश्वासमा नै चल्नुभयो त्यसपछि त झन् बिश्वासमा चलेर हर संसारका कुराहरुलाइ जितेर जितेर अन्तमा क्रुशमा पनि जित्नु भयो। यो हो बिश्वास को जीवन यदि हामी पनि बिश्वास मा यो संसार को कुरामा जित्यो भने पिता येशु संग प्रसन्न हुनुहुन्छ किनकी यदि येशुले नजितेको भए हामी जित्न सक्दैन थियौ। हाम्रो जीवनमा आउने हर समस्यालाइ हामी हाम्रो नाङगो आखाँ ले हेर्छौं कि बिश्वास को आखाँ ले हेर्छौं?।

मत्ति ६:३३ [33]तिमीहरू अरू थोकभन्दा परमेश्वरको राज्य र उहाँको धार्मिकताको विषयमा इच्छा गर। तब उहाँले तिमीहरूलाई तिमीहरूले चाहेका यी जम्मै कुराहरू दिनुहुनेछ,

यो पद अनुसार पहिला उहाँ को राज्य खोज्नु भनेर भन्छ। उहाँ को राज्य हामी देख्न सक्दैनौ। र त्यस पछि उहाँ को धार्मीकता खोज्नु उहाँ को धार्मीकता बिश्वास द्धारा मात्र आउछ। उहाँ को राज्य होस् या उहाँ को धार्मीकता दुबै बिश्वास द्धारा मात्र खोज्न सकिन्छ। येशु ले युहन्ना सुसमाचार को अनुसार पहिलो प्रस्न दुइ मान्छेहरुले उहाँ को पछि लाग्दा उहाँले तिनीहरुलाइ सोध्नुभयो तिमीहरुले के खोजेको ? हामीले पनि के खोजेको ? येशुले भन्नुभयो पहिला उहाँ को राज्य र उहाँ धार्मीकता खोज्नु। किनभने येशुले भन्नुभयो जे खोज्छ त्यहि पाउछ। यदि हामीले उहाँको राज्य र धार्मीकता खोज्यो भने त्यहि पाउछ खोजेन भने पाउदैन।

२कोरिन्थी ५:७ [7]हामी विश्वासको मार्ग दर्शनमा बाँचेका छौं-जे देख्छौं त्यसले होइन।

हामी दुइ तरीकामा हिड्न सक्छौ एउटा देखिने कुरा को आधारमा र अर्को बिश्वास को आधारमा । देखिने कुरा भन्नाले म आफ्नो भरोसामा हिड्नु हो । बिश्वासमा हिड्नु भनेको परमेश्वरमा भरोसा गरेर हिड्नु भनेको हो । दखिने कुरामा भरोसा गर्नु भनेको पैसा छ गर्न सक्छ । तागत छ गर्न सक्छ । बिश्वासमा जीउनु भनेको आफु माथि भरोसा नराखेर अर्का को माथि नदेखेको परमेश्वर माथि भरोसा राखेर चल्नु हो । त्यसकारणले येशुले बिश्वास को जीवन को लागी बिवाह को उदारहण दिनुभयो । यो बिवाहमा दुलहा येशु हुनुहुन्छ ।र हामी उहाँ को दुलही हौ । बिवाहमा एउटा स्त्रीले बिवाह पछि जीवन भर आफ्नो दुलहा माथि भरोसा गरेर जीवन भर चल्नुपर्छ तर दुलहालाइ त पहिला देखेकै हुदैन पहिला त बाबा को घरमा बाबा को हात समातेर जीवन जीएको बिवाह पछि त पुरै जीवन बदलिन्छ । मण्डली को लागी नदेखेको मान्छे हो येशु

हितोपदेश ३:५-६ [5]तिम्रो सम्पूर्ण हृदयले परमप्रभुमा भरोसा गर। तिम्रो आफ्नै बुद्धिमा मात्र भर नपर।
[6]तिम्रा सम्पूर्ण मार्गहरूमा परमप्रभुलाई सम्झ। उहाँले नै तिम्रा सबै मार्गहरू सोझो पारिदिनु हुनेछ।

हितोपदेश ३ को ५ र हिब्रु ११ को ५ मिलाउनु पर्छ । यदि कोहि पनि परमेश्वरमा आउदछन् भने तिनीहरुले परमेश्वरलाइ सारा हृदयले , सारा प्राणले ,सारा समझले प्रेम गर । यो हो बिश्वास । क्रुश को कारणले हामी येशुलाइ बिश्वास गर्न सक्छौ । हामी जस्तो पापी को लागी परमेश्वरले आफ्नो एक मात्र पुत्र लाइ क्रुशमा टागेर बलि चढाउनु भयो । त्यसकारणले म मेरो परमेश्वरलाइ मेरो सारा हृदयले बिश्वास गर्न सक्छु । मेरो परमेश्वर करोडौ करोडौ चरा चुरुङ्गीहरुलाइ खुवाउनुहुन्छ । मत्ति ६ को अनुसार परमेश्वर को बारेमा तिन वटा कुरा भनेको छ । परमेश्वर सक्नुहुन्छ । परमेश्वर को लागी केहि कुरा गर्न पनि असम्भव छैन । जति सुकै संख्यामा पन्छिहरु भएता पनि उहाँले खाना खिलाउन सक्नुहुन्छ र साथै जति सुकै जातका बृक्षहरु भएता पनि तिनीहरुलाइ सजाउन सक्नुहुन्छ । दोस्रोमा मेरो परमेश्वर वास्ता गर्नुहुन्छ । यतिका पन्छिहरुलाइ खाना खिलाउन सक्नुहुन्छ भने उहाँले मलाइ त भोकै राख्नु नै हुदैन उहाँले मलाइ कत्ति वास्ता गर्नुहुन्छ होला ? तेस्रोमा उहाँलाइ थाहाँ छ । हामीले भन्नुभन्दा पहिला हाम्रो मन को कुरा उहाँ जान्नुहुन्छ । अन्य जाती को जस्तो फिक्री नगर पहिला हाम्रो बाबा को राज्य र धार्मीकता खोजी गर यो सबै कुराहरु हाम्रो जीवनमा जोडिदिनुहुन्छ ।

१कोरिन्थी १३:७ [7]प्रेमले सबै कुरा धैर्यपूर्वक सहन्छ। प्रेमले सँधै विश्वास गर्छ, सँधै आशा गर्छ र यो दरिलो उभिन्छ।

बिश्वासमा र भरोसामा सबै कुरा सहनसिल हुन्छ । बिश्वास भनेको सबै कुरा माथि परमेश्वरमा भरोसा राख्नु हो । बिश्वासमा चलेन भने परमेश्वरले हाम्रो लागी राखेको आशिष हामीलाइ थाहाँ हुदैन । हाम्रो मृत्यु पछि हामीलाइ थाहाँ हुन्छ कि हाम्रो जीवन आधि मात्र रहेछ पुरा भएको रहेनछ । यशैया ६ अध्यायमा पढ्दा खेरी उजैया मरे पछि श्वर्ग उघ्रेको देख्यो र त्यहाँ श्वर्गदुतहरु आफ्ना आखाँ छोपेर र खुट्टा लुकाएर भन्दैछन् परमेश्वरलाइ पबित्र पबित्र पबित्र । श्वर्गदुतहरुले परमश्वरको सामुन्ने आफ्नो मुख लुकाएर पबित्र भन्दैछन् भने हामी परमेश्वरको सामु कसरी उभिन सक्छौ र ?येशुको रगतमा र येशु को काममा बिश्वास द्धारा मात्र हामी उहाँको सामु जान सक्छौ । त्यसकारणले परमेश्वर भन्नुहुन्छ मेरो जन मेरो ज्ञान को अभाबले गर्दा मोर्दैछन् । भन्नु को मतलब सबै ज्ञान हुन जरुरी छैन हामीलाइ यो ज्ञान हुन जरुरी छ की येशु को हो? परमेश्वरले येशु द्धारा के गराउनु भयो । भन्ने कुरा थाहाँ हुन जरुरी छ ।

गलाती २:२० [20]यसैले म बाँचिरहेको छैन तर ख्रीष्ट हुनुहुन्छ जो ममा बाँचिरहनु भएकोछ। म मेरो शरीरमा अझै जीवित छु तर म परमेश्वरका पुत्रको विश्वासमा जीवित छु। मलाई उहाँले प्रेम गर्नु भयो अनि मलाई बचाउन उहाँले मेरो निम्ति आफैलाई अर्पण गर्नु भयो।

बिश्वास को जीवन भनेको अब म जीएको होइन तर म संग खिष्ट जिउनुहुन्छ । खिष्ट हाम्रो जीवनमा जीउन को लागी खिष्ट को बारेमा जान्नु पर्छ । खिष्ट को बारेमा जान्न को लागी नयाँ नियम को ४ सुसमाचार को पुस्तक पढ्नु पर्छ । यो ४ सुसमाचार को पुस्तक पछि सिद्धान्त को कुराहरु लेखिएका छन् । गलाती २ को २० मा भनेको जस्तै के येशु म मा जीउनु हुन्छ कि हुदैन त्यो थाहाँ पाउन येशु को जीवन हेर्नु पर्छ । येशु को जीवन जीउने तरीका र मेरो जीवन जीउने तरीका अलग छन् कि एउटै छ ? त्यस बाट हामीलाइ थाहाँ हुन्छ । येशु कसरी जीउनु हुन्थ्यो त्यो थाहाँ पाउन को लागी हामीले येशु को चार सुसमाचार को पुस्तक पढ्न पर्छ । यो पदको अनुसार यदि हामीमा येशु जीएको चाहन्छौ भने येशु भन्नुहुन्छ म तिमीमा भएर जीउछु तर तिमीले म मा र मेरो पितामा तिम्रो सारा हृदयले सारा प्राणले र सारा समझले पुरा बिश्वास गरेर र भरोसा गरेर जीउनु पर्छ । मान्छेले तिमीलाइ हेर्दा मलाइ देख्नु पर्छ । यो हो बिश्वास को जीवन । उदाहरण को लागी हाम्रो घर को झगडाहरु आत्मिक हुनुपर्छ । संसारीक हुनुहुन्न यदि हामीले आफ्नो श्रीमानमा होस् या श्रीमतीमा होस् येशुलाइ खोजेर कहिले काहि हामी दुखी हुन्छौ भने त्यो श्वास्थ्य हो । केहि छैन तर संसारको कुरामा लडाइ हुन्छ भने त्यहाँ बिमार अर्थात रोग छ । येशु डुङ्गामा सुत्नुभयो आधि आयो चेलाहरु आत्तिएर येशुलाइ बोलाए । यसबाट हामीले २ वटा कुरा सिक्न सक्छौ । चेलाहरु को प्रतिक्रिया बिश्वास को अनुसार थिएन । चेलाहरुले भने येशु तपाइ किन सुत्नु भयो ? हाम्रो बारेमा चिन्ता छैन ? हामीलाइ बचाउनुस् त्यसको मतलब तिनीहरुले आफ्नो बारेमा मात्र सोचे येशु को बारेमा सोचेनन्। ।श्रीमान र श्रीमतीमा पनि यस्तो भन्नु हुन्न तिमीले मेरो बारेमा किन सोच्दैनौ । प्रेममा हामी आफुलाइ सबै भन्दा पछाडी राख्छौ । हाम्रो मुख बाट आउने बोली र हाम्रो मनको सोच बिचार कस्तो छ आफुले आफैलाइ जाच्नु पर्छ । २कोरिन्थी १३ मा आफ्नै आफ्नै बिश्वास को जाचँ गर भनेर भनेको छ । केहि पनि बोल्दा र केहि पनि गर्दा के येशु भए यो गर्नुहुन्थ्यो ? अल्प बिश्वासले हामीले उद्धार पाएता पनि येशुले राखेको मुकुट हामीले पाउन सक्दैनौ । मुकुट पाउन को लागी पावल को जस्तो भन्नु पर्छ कि मैले आफ्नो दौड सिध्याएको छु । यसको मतलब हो पावल को घर पुरा भयो कारण पावलले घर सुरु गर्दा नै उसले हिसाब गर्‍यो । पावललाइ पहिलै बाट थाहाँ थियो कि बिश्वासमा जीउनु भनेको कति मुस्कील छ भनेर कारण उसले धेरै बिश्वासीहरुलाइ सताएको थियो । मारेको थियो । त्यसकारणले गर्दा पावल सुरुवात मै मर्न को लागी तयार भयो । उसले पहलै हिसाब लगाएको थियो । जसले गर्दा उसको घर बनाएर सिध्यायो ।

प्रकास १२:११ [11]हाम्रा भाइहरुले तिनलाई भेंडाको पाठाको रगत अनि सत्य प्रचार गरेर परास्त गरेका छन्। तिनीहरूले आफ्ना जीवनलाई त्यति प्रेम गरेनन् यसर्थ तिनीहरु मृत्युसित डराएका थिएनन्।

यिनीहरुले सबै भन्दा पहिला परमेश्वरमा पुरा भरोसा राखेका छन् र आफ्नो गवाहि को कारण सैतान लाइ जितेका छन् र आफ्नो ज्यान को माया पनि गरेनन् । त्यसकारणले यिनीहरुले जीते ।  शावल को जीवन हेर्दा खेरी सुरुवात मै उसले हिसाब लगायो । त्यसैले पावल संग परमेश्वर बोल्नुभयो । तिमी मेरो लागी दुख भोग्छौ अनि मर्छौ पहिला नै सिधै पावल संग परमेश्वरले भन्नुभयो । पहिला नै हिसाब लगाउनेहरु संग परमेश्वर बोल्नुहुन्छ बाकिहरु संग परमेश्वर बोल्नुहुन्न । त्यसैले येशुले हामीलाइ उखान बाट सिकाउनु भयो के हामीले घर बनाउनु भन्दा पहिला हिसाब गर्यौ र यो घर सिध्याउनको लागी तिमी संग धैर्यता छ? उद्धार त सित्तेमा हो हामीले केहि पनि गर्नु परेन त्यसको लागी सबै येशुले गर्नु भयो तर मुकुट पाउने हो भने एक मात्र बाटो छ हामी संग दह्रिलो बिश्वास येशु माथि हुनु पर्यो । आमेन

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद , धन्यबाद प्रभु बिश्वास को जीवन को लागी तपाइले हामीलाइ बोलाउनु भयो परमेश्वर देख्ने आधारमा होइनन देखेको आत्मिक कुरामा बिश्वास गरेर जीउन को लागी तपाइले हामीलाइ बोलाउनु भयो परमेश्वर । दह्रिलो बिश्वासी भएर तपाइको राज्यलाइ खोजेर अगाडी बढ्नलाइ सामर्थ दिनुस् प्रभु । तपाइलाइ सारा मनले सारा समझले र सारा प्राणले भरोसा गर्नै र प्रेम गर्न हामीलाइ सिकाउनु होस् र सहायता गर्नु होस् येशु को नाममा बिन्ति माग्दछु आमेन ।*